## सम्पादकीय...

# देश र जनताको हितमा अघि बढ्न जरुरी

बढ्दै गएको आर्थिक संकटको समयमा नेपाली जनताले राहतको महशुश गरिरहेका छन् । जुन समय सापेक्ष पनि हो । तर यस्तो समयमा सेवाको भावना बोकेको बताउने चिकित्सकहरुको परामर्श शुल्क बढाउने काम भएको छ । अहिले त्यसैपनि देश आर्थिक संकटले थिलथिलो बनेको छ । यस्तो समयमा राहतको आश जोकोहीलाई पनि हुन्छ । चिकित्सकहरुको परामर्श सेवा शुल्क जेठ १ गतेदेखि लागुहुने गरी बढाउने कार्य भएको छ । चिकित्सकहरुको परामर्श शुल्क बृद्धिसँगै अन्य जाँचको शुल्कमा समेत बृद्धि हुने निश्चित छ । यस्तो हुँदा विरामीहरुमा थप आर्थिक भार पर्ने निश्चित छ । नेपाल चिकित्सक सङ्घ अनि एशोसिएशन अफ प्राइभेट हेल्थ इन्स्टिच्युसन नेपाल (अफिन) ले जेठ १ गतेबाट लागू हुने गरी चिकित्सकको परामर्श सेवा शुल्क बढाउने जानकारी पहिला नै गराएको हो । चिकित्सकको परामर्श शुल्क जेठ १ गतेबाट लागू हुनेगरी पहिलेको शुल्क भन्दा १४ प्रतिशत बढाइएको छ । अहिलेको समयमा यसरी चिकित्सकहरुको शुल्क बढ्नु गलत रहेको छ । यस्बाट चिकित्सकहरु देश र जनताप्रति बफादार नरहेको स्पष्ट हुन्छ । यसैले देश र जनताको हितमा अघि बढ्न जरुरी रहेको ठानेको छु ।

# राशीफल

| | |
|---|---|
| मेष | - दयाको पात्र बनिएला । |
| वृष | - आकस्मिक लाभ हुनेछ । |
| मिथुन | - समय अनुकुल छैन । |
| कर्कट | - आंशिक लाभको मौका छ । |
| सिंह | - खानपिनमा अरुची । |
| कन्या | - आर्थिक पक्ष कमजोर हुने । |
| तुला | - समस्याको समाधान हुने । |
| वृश्चिक | - मनोरञ्जनमा दिन बित्ने । |
| धनु | - सामाजिक प्रतिष्ठा बढ्ने । |
| मकर | - धर्मप्रति मन जाने । |
| कुम्भ | - एकाएक अन्यौलता बढ्ने । |
| मिन | - वातावरण असहज महसुस हुने । |

# बलिउड अभिनेता अभिनेत्री प्रियंकाको चर्चा अहिले बढ्यो

एजेन्सी । बलिउड अभिनेता अभिनेत्री प्रियंका चोपडाको चर्चा अहिले बढेको छ । शाहरुख खान र प्रियंका अभिनित 'डन : द चेज बिगिन्स अगेन' धेरै रुचाइएको मध्येको हिन्दी फिल्म हो । फरहान अख्तरद्वारा निर्देशित पहिलो शृंखला सन् २००६ मा रिलिज भएको थियो । यसको शानदार सफलतापछि निर्माताले सन् २०११ मा दोस्रो श्रृंखला रिलिज गरे । यी दुवै श्रृंखलालाई दर्शकले मन पराए । दर्शक अहिले 'डन'को तेस्रो श्रृंखलाको पर्खाइमा छन् । अन्ततः निर्माता रितेश सिदवानीले तेस्रो भागबारे केही संकेत गरेका छन्, जसले फ्यानको उत्साह बढाउन सक्छ । हालै भारतीय सञ्चारसंस्था पीटीआईसँग कुरा गर्दै सिदवानीले तेस्रो श्रृंखला यतिबेला स्क्रिप्ट लेखनको तहमा रहेको बताएका छन् । प्लटबारे सोध्दा उनले यसबारे अहिले खुलाउन नमिल्ने बताएको पिंकभिल्लाले जनाएको छ । रितेशले भने, 'जबसम्म मेरो पार्टनर (फरहान अख्तर) ले यो लेखेर सक्नुहुन्न, हामी केही गर्ने छैनौं ।




**नेपाल सरकार**

**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**

**खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना**

**आयोजना क्लष्टर इकाई, जनकपुरधाम, धनुषा**

**प्रथम पटक प्रकाशित मिति : २०८०/०२/०२**

यस आयोजना क्लष्टर इकाईको आ.ब. २०७९/०८० को स्विकृत बार्षिक कार्यक्रम अनुसार ग्रामीण बजार, संकलन केन्द्र तथा हाटबजार हरुको सुधार/पुनर्स्थापनामा सहयोग कार्यक्रम अन्तरगत यस आयोजनाको तपसीलमा उल्लेखित गाउँपालिकाहरुमा रहेको हाट बजारमा बजार सेड निर्माण कार्य शिलबन्दी दरभाउपत्रको माध्यमबाट आपूर्ति गराउनु पर्ने भएकोले इच्छुक इजाजत प्राप्त निर्माण व्यावसायीहरुबाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रीतपूर्वकको शीलबन्दी दरभाउपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

१.इच्छुक योग्यता पुगेका निर्माण व्यावसायीहरुले फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपी, आ.ब. २०७९/०८० को लागि नविकरण भएको इजाजत पत्र, स्थायी लेखा नम्बर, दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.ब. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी, दरभाउपत्र खरीद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरीद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा/व्यवसाय सम्बन्धी कसुरमा सजाय नपाएको भनी लिखित घोषणापत्र सहित निवेदन सँलग्न राखी १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा आफूले खरीद गर्न चाहेको ठेक्का नं. को लागि छुट्टा-छुट्टै रु.१,०००/- (एक हजार रुपैया मात्र) को दरले फिर्ता नहुने गरी नगद तिरी यस आयोजना क्लष्टर इकाईबाट दरभाउपत्र फारम खरीद गर्न सकिन्छ ।

२.खरीद गरेको दरभाउपत्र भरेर शिलबन्दी गरी १६ औं दिन दिनको १२ बजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ ।

३.शिलबन्दी दरभाउपत्रको बाहिर खाममा कामको नाम, ठेक्का नंबर स्पष्ट उल्लेख गरी फर्मको नाम/छाप लगाई लाह छाप संख्या स्पष्ट उल्लेख गरी दर्ता गराउनु पर्ने छ ।

४.दर्ता भएका शिलबन्दी दरभाउपत्र कार्यालय प्रतिनिधी तथा दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधीहरुको रोहबरमा दाखिला गर्ने अन्तिम दिनको अपरान्ह ०१ :०० बजे खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधी उपस्थिती नभए पनि दरभाउपत्र खोलिने छ ।

५.दरभाउपत्र साथ तपसीलमा उल्लेखित दरभाउपत्र जमानी वापतको धरौटी रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, धनुषाको रा.बा. बैंक, जनकपुरमा रहेको धरौटी खाता नम्बर १२२०१००१०२०३०००० तथा यस आयोजना क्लष्टर इकाईको कोड नम्बर ३१२००१७०४ मा नगद दाखिला गरी आपूर्तिकर्ताको नाम र ठेगाना लेखिएको दोस्रो प्रति सक्कल बैंक भौचर वा दरभाउपत्र जमानतको हकमा दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति बाट कम्तीमा ७५ दिन म्याद भएको नेपाल सरकारको मान्यता प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी सक्कल बिडबण्ड दरभाउपत्र साथ पेश गर्नुपर्न छ ।

६.दरभाउपत्र खरीद गर्ने वा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु क्रमशः लगत्तै कार्यालय खुलेको दिनमा हुनेछ ।

७.दरभाउपत्र स्विकृत गर्ने/नगर्ने सबै अधिकार यस आयोजना क्लष्टर इकाईमा सुरक्षित रहनेछ ।

८.यस आयोजना क्लष्टर इकाईबाट खरीद गरिएको दरभाउपत्र फारममा दररेट भरेर दरभाउपत्रदाताले सही/छाप गरी पेश गर्नु पर्ने छ । एक फर्मको नाममा खरीद गरेको दरभाउपत्र अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

९.दरभाउपत्र फारमा दररेट अंक र अक्षरमा उल्लेख गर्नु पर्ने छ । फरक परेमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिईने छ ।

१०.स्विकृत नभएका दरभाउपत्रदाताको बिडबण्ड/धरौटी रकम ठेक्का सम्झौता सम्पन्न भए पछी मात्र फुकुवा गरिने छ ।

११.सूचनामा परेका व्यहोराहरु बाहेक अन्यको कुराको हकमा सार्वजनिक खरीद सम्बन्धी ऐन/नियम अनुसार हुने छ ।

१२.दरभाउपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस आयोजना क्लष्टर इकाईमा सम्पर्क राखी बुझ्न सकिने छ ।

**तपसील**

**ग्रामीण बजार, संकलन केन्द्र तथा हाटबजार हरुको सुधार/पुनर्स्थापनामा सहयोग कार्यक्रम अन्तरगत बजार सेड निर्माण**

| दरभाउपत्र ठेक्का नम्बर | कामको बिवरण | परिमाण | दरभाउपत्र फारम दस्तुत | दरभाउपत्र, जमानत रकम |
|---|---|---|---|---|
| ०२/२०७९/०८० | बजार सेड निर्माण कार्य, मुखियापट्टी-मुसहरनियाँ गा.पा., वार्ड नं. – ५, धनुषा | दरभाउपत्र फारममा उल्लेख भए अनुसार | १,०००/- | ४९,५००/- |
| ०३/२०७९/०८० | बजार सेड निर्माण कार्य, एकडारा गा.पा., वार्ड नं. – १, महोत्तरी | दरभाउपत्र फारममा उल्लेख भए अनुसार | १,०००/- | २४,५००/- |

**बरिष्ठ कृषि अधिकृत,**

सम्पर्क नम्बर ९८५४०२७०१८